घाटु-यात्रा

# फूलैको रस लेऊ भमुरा.......

● आभास

गाउँ सिरानको छ्योर्तेन छेउ पुगेपछि अमृतको आवाज निस्कन्छ- ‘लौ यही हो भुजुङ ।’ हाम्रो यात्राको मुख्य गन्तव्य । लमजुङको कुनामा अवस्थित अन्तिम उत्तरी गाउँ । जहाँ मृत आत्माहरुलाई सुकन्याहरुको आङ्मा निम्त्याइन्छ र नचाइन्छ । अद्‌भुत छ हाम्रो संस्कार । हामी राजधानीदेखि डोरिएर आएका त्यही अद्‌भुत अनुभूतिका निम्ति । उकालो देख्नासाथ अत्तालिने दानु, ओह्रालो भेट्नासाथ गुड्न आतुर हुन्छ । ‘ए दानदाइ, एकछिन् पर्खु न ऽऽ, गाउँ प्रवेशको दृश्य टिपुँ ।’ अमृतको क्यामेराले छ्योर्तेन सहित ध्रुव, हरि, दीपेन्द्र, दानु सबलाई आफ्नो कब्जामा लिन्छ । ‘तपाईं नि हिंड्नुस् न ! के होऽऽ?’ म भन्दिन्छु- ‘अहँ जान्न, क्यामेरा मेरोलागि आतङ्क हो ।’ म क्यामेराको समानान्तर उभिन्छु र गर्धन ट्रिपड झैं घुमाउछु । अन्दाजै गर्न नसकिने ठाउँमा झुरुप्प छ, करिब चारसय धुरीको एउटै गाविस । अलिक तल भताभुङ्ग ‘एक्याप’ कार्यालय निहार्दै, गाउँभरिका बा, तीर्थ बाको आँगनमा प्रवेश गर्छौ । ‘बा ! सबन् मुआ क्यों ?’ ‘सबन् मु बाबु ! लौ तिमेरु बल्ल आइपुग्यो, हिजै आउने खबर थ्यो त ?’ ‘अँ बा ! हामी घले गाउँका पाहुना भयौं हिजो ।’

आँगनमा गुन्द्री, मुढा र भुटेको मकै । हाम्रो थकाइ अलि मत्थर हुन्छ । बाटोभरि चम्केको सुकुटी र भ्वाइँखट्टेको चर्चा । ‘जुनी दिदीको होटलमा बुझ्नु भो दान्दाइ ! किस्सिम हुन्छ ।’ झर्छौ जुनी दिदीकोतिर । ‘सबन् मुआ हऊ दिदी ।’ ‘आम्मैऽऽ, झाँन्नै नाचिनेको, कास्तो लामो कापाल पालेको ? केटीको जास्तो ।’ जुनी दिदी पो रैछिन् किस्सिम कि त ! पक्का नेपाली चरित्र, दुई अर्थे भाषा प्रयोगमा सिद्ध र हँसमुख । ‘ल पाऊँ त अब भ्याम्म, सुकुटी र भ्वाइँखट्टे ।’ ‘कठैऽऽ भाइ ! काँ हुनु सुकुटी ? केहीऽऽ छाइना । पा छा, त्यै पानि तीनपाने हैनाऽऽ । त्यसबाटा भ्वाइँखाट्टे बान्दैना । भोलि हाँस रा भ्वाइँखाट्टे खानु ! आजलाई चाउचाउ उमाल्दिऊँ ?’ काँ भुजुङ आएर तयारी चाउचाउ ? कोही झर्किन्छ । ‘के गार्नु ता भाइ, सुकुटी ता पाम्दैना, हिजो आजा जगेडा राख्ने चालान् छैना केऽऽ ! शाहारको मान्छेले गाम्को कुरा बुझ्दैना !’ जुनी दिदी भुट्न थाल्छिन् भटमास र तताउन थाल्छिन् कोदाको पा । ‘घाटु सुरु भयो दिदी ?’ ‘अँ, भयो भयो, आगिनै ।’ जुनी दिदीको ठट्यौली, कोदाको मनतातो पा र भुटेको भट्ट, थकाइ निक्कै मत्थरिन्छ । अब लाग्छौं ठाँटीतिर ।

ठाँटी- दुई हजार पच्चीससय अट्ने प्यारापिट सहितको व्यवस्थित रङ्गमञ्च । गुरुङ गाउँको साँस्कृतिक थलो । ढुङ्गे प्यारापिटको एक खण्डमा हामी, तल आँगन जस्तो समतल रङ्गमञ्चमा लचिलो मन्दगतिको नाचमा छन् दुई कलिला सुकन्या; श्रीकुमारी, हारीकुमारी । गीतका माध्यमबाट आत्मा भित्रिन्छन् रे यिनकै आङ्मा । सुन्दै अचम्म तर युगौंदेखि चलिआएको अनवरत विश्वास । पृष्ठ भागमा चौरासी वर्षीय मूलगुरु लालबाइको अगुवाइमा गाउदै छन् दश-बाह्र जना पैंतीस, चालीस नाघेका गायक-

फूलैको रस लेऊ भमुरा
लेऊ भमुरा
विषैको रस लेऊ भमुरा

कुनै आदीम युगमा प्रवेश गरेजस्तो । सबै गायकले पिठ्यूँमा भिरेका छन् रैंघा । केहीका काखमा छन् मादल । यो दृश्यले हृदयभरि अनौठो सकपकाहट पैदा हुन्छ । कुन सम्वेदनशील तन्तुमा छुन्छ कुन्नी, आँखा भरिन्छन् र अगाडिको दृश्य फोकसआउट जस्तै हुन्छ । काठमाण्डौबाट पहिलोपल्ट यस्तो बिरान गाउँ पसेका दीपेन्द्र, हरि र ध्रुव कुन मनस्थितिमा पुगे ? थाहा छैन । दानुलाई भने कम्ता छोएको रै’नछ, भरिलो गह छल्न खोज्दै भन्छ- ‘यो हो म्यूजिकल स्पिरिट भनेको !’ एकटकले अडिन्छन् हाम्रा आँखा नर्तकीहरुतिर । शिरदेखि क्रमशः पाउसम्मै क्रियाशील छन् तिनका मुद्राहरु । मानौं तिनीहरु गहिरो नृत्य-आराधनामा लीन छन् । नाचिरहेका तिनलाई हेर्दा लाग्छ, यो आराधना कुनै महाप्रलयले पनि भङ्ग गर्न सक्ने अवस्थामा छैन ।

यात्रा टोलीमा सबै सङ्गीतका पारखी छन् । तालको व्याकरण खुट्याउन हत्केला पिट्दै औंलाका आँख्ला गन्न थाल्छन् । तर मुस्किल । हरि भन्छ- ‘कस्टो अप्थ्यारो है डाइ ?’ मलाई भन्न मन लाग्छ- व्याकरणमा बाँधिनु मात्र कलाकारिता होइन नि भाइ ! व्याकरण पढेर कलाकार बन्नेहरु त नाम र

चर्चाका भोका पो हुन्छन् त, हामीजस्ता । मैले फलानो विश्वविद्यालयबाट यो स्तरको डिग्री हासिल गरेको हुँ भनेर धक्कु हाँक्छन्, कला चैं फ्याँ । तर पनि पत्रिकामा तिनकै चर्चा छताछुल्ल । हामी अहिले विश्वविद्यालय स्तरभन्दा धेरै माथिल्लो अनुष्ठानमा छौं, यस्तै के के सोच्छु मात्र, बोल्दिन । बरु सँगसँगै औंलाका आँख्ला गन्ती गर्छु । ठ्याक्कै नभेटे पनि कता कता, हो कि झैं पाउँछु- सात मात्रा नै हो, छः मात्रा पनि छ । आ जे सुकै होस्, थेसिस् लेख्नु त छैन नि । कलाको मूल धर्म त हृदयमा काउकुती उत्पन्न गराउन सक्नु हो नि ! त्यो त छिन्छिन्मै भैरहेछ यहाँ । हामी घाटुनी नाच्दै गरेको ठाउँमै निम्त्याइन्छौं । बनेका छौं, गाउँभरिका पाहुना । सबैले महत्व दिइरहेका छन् । गीत गाउदै गरेका बासा एकछिन् गाउन रोकिन्छन् र मेरो कानमा साउती मार्छन्- ‘आइले धानको बीउ राख्ने गीत गाउदै छा । भोलि धान काट्ने गीत पनि हुन्छा ।’

नर्तकीहरु घाटु अबधिभर रोदीघरमै बस्छन् । रोदीलाई बाँकी नेपाली जगतले पश्चिमा ‘नाइट क्लब’ को पर्याय भनेर प्रचार गरेको छ । जुन सोह्रैआना गलत रै’छ । यो त यहाँको स्वःअनुशासित साँस्कृतिक विद्यालय पो रै’छ त । यहींबाट सबै चाँजोपाँजो मिलाइन्छ घाटुको पनि । घाटुनीको रेखदेख गर्न बाह्र-पन्ध्र सँगिनी, सुसारे बनेका हुन्छन् । सिँगार- पटार अलिक सीप भएकाले गर्छन् । बिहान सात-आठ बजेतिर नौमती घन्काएर पिठ्यूँमा बोक्दै ठाँटीतिर ल्याइन्छ नर्तकीलाई । ठाँटीमा तीन या चार दिनसम्म हरेक दिन पन्ध्र-सोह्र घण्टा लगातार नाच्छन् यिनीहरु । दुईसय पचास खण्ड गीत गुरुहरुलाई कण्ठस्थ हुन्छ । अन्तराल हुन्छन् तर छोटा छोटा । एकजना रै’छिन् जगेडा घाटुनी, गीता । मूल घाटुनीहरु बिरामी परे, नाचकै बखत रजस्वला भए, आदिमा यिनको काम आउछ रे । हुन त बेलाबखत तीनैजना पनि नाच्छन् तर गीताको आङ्मा देवता चढेन,घाटु आएन । त्यसैले यिनी सहायक चरित्र मात्र भइन् ।

घाटुको अन्तरकथा के हो ? बुझ्न मन लाग्छ । छेउमै छन् तीर्थ बा, सोध्छु । भन्छन्- ‘कहानी लामो छ, छोटकरीमा भन्छु । यी नाचिरहेका दुई घाटुनी छन् नि; यी हुन् पश्रामु र यम्फावतीका चरित्र । यिनमा तिनीहरुको आत्मा आउछ । पश्रामु राजा हुन्, यम्फावतीसित विहा हुन्छ । उता नौमती बाजा बज्दै छ नि ! त्यो पनि कथा भित्रकै कुरा हो । विहा र सती दुबैमा नौमतीको अर्थ छ । पश्रामु र यम्फावतीको विहा भएपछि राजकाज चलाएर बस्छन् । रानी गर्भवती हुन्छिन् र जन्मन्छन् बालकृष्ण । ज्योतिष बोलाएर बालकको ग्रहदशा हेराउछन् । ज्योतिष भन्छ- बालकृष्णको ग्रहले गर्दा चारैदिशाबाट बैरी उठ्छन् । नभन्दै केही समयपछि शत्रुहरु उठ्छन् । शत्रुतर्फबाट पश्रामु राजासित लड्न तयार छौं भन्ने परिपत्र आउछ । राजाले भाग्नु त भएन ! साइत निकालेर लडाईंमा जान्छन् । तर राजा लडाईंमा मारिन्छन् । खबर आउछ । रानी यम्फावतीलाई पत्यार हुन्न । रगतले भिजेको राजाको पगरी देखाएपछि विश्वास हुन्छ । राजाले प्रयोग गर्ने हातहतियार देखेपछि अझ पक्का हुन्छ । रानी सती जान तयार हुन्छिन् । कलिलो बालकृष्ण छिमेकीको जिम्मा लगाउछिन् । बस्तुभाउ, बोटबिरुवा, छरछिमेक सबैलाई माया दर्शाउछिन् र जान्छिन् सती । तिनलाई घाटमा लगेर सेलाइन्छ । यही हो घाटुको मुख्य कथा ।’ कुरा टुङ्ग्याउदा प्रभावशाली हाँसो छर्ने बानी छ तीर्थ बाको ।

अहिले मादल बिनै गाउदै छन् गुरुहरु । आसिक थाप्ने क्रममा छन् तीर्थ बा, हामी पनि थाप्दै छौं । गीतको भाकासँगै दुबै नर्तकीका आँखा बन्द हुन्छन् । ‘ऊ अब यिनका आङ्मा देवता चढे, घाटु लाग्यो । गीतले यसरी आँखा बन्द हुनुमा सत् छ । अचम्मको सत् । आँखा खुलाउन नाकमा पानीले छुनु पर्छ । या गुरुले मन्त्र जप्नु पर्छ । गीतैले पनि खुल्छ । त्यसको निम्ति पनि गीतै छ ।’ उही प्रभावशाली हाँसो ।

आँखा टम्मै छन् दुबै नर्तकीका । तर नृत्यमा एक समानता । पाँच-सात मिनेटसम्म एकनास नाच्छन् । अहँ खोट लगाउने एकपल भेटिन्न । विश्राममा श्रीकुमारीसित सोध्छु- घाटु लाग्दा (ट्रान्समा) पनि तिमी दुबैजना एक्कै ढङ्गले कसरी नाच्छौ ? उ लाजले शिर निहुराउदै भन्छे- ‘तुसिबाऽऽ, खै कुन्नी ता ? भगवानले आफैं नचाउछा ।’ कस्तो अनौठो जवाफ !

ए ! जुनी दिदी पनि आइपुगिछन् । जुनी पनि आफ्नो बेलाकी नाम चलेकी घाटुनी । सात वर्ष नाचिन् उनले । भन्छिन्- ‘याँ आयो राऽऽ यस्तोरी सुन्यो भनेताऽऽ हाम्लाई पनि लाग्छा । नलागोस् भन्नलाई मुखमा केही चिज राख्नु पर्छ के ।’ जुनी दिदी आफ्नो मुखमा हालेको तितेपातीको पात जिब्रोको टुप्पामा निकाल्दै देखाउछिन् । उनलाई सोध्छु- आफूले त्यत्रो वर्ष नाचेको ठाउँमा अहिले अरुले नाचेको देख्दा ईर्ष्या लाग्छ कि लाग्दैन नि ? ‘आफ्नो पालो सक्केको पछिल्लो वर्ष ता एकदम नरमाइलो लाग्यो । मेरो ठाउँ पो हो ता जस्तो, आइलेता लाग्दैना ।’ अनौठो हुन्छ कलाकारको प्रतिस्पर्धी मन । नब्बे वर्षीय तार्खु बज्यै सीधा उभिन पनि सक्तिनन् तर चाउरिएर मुजैमुजा परेका औंलाले मुद्रा बनाउदै आकर्षक पारामा हात घुमाउछिन । ‘यी यसरी नाच्नु पर्छ ।’ यस्तै भाव छ उनको हात हल्लाइमा । अहिले नाच्दै गरेकी हारीकुमारी उनकी पनातिनी हुन् । पनातिनी घाटुनी बनेकी छ । उसबाट आसिक थाप्छिन् तार्खु ।

निधारमा दहीचामलका सेता अक्षता र ओठमा प्रौढ हाँसो । हारीकुमारीकी आमा मनकुमारीले पनि नाचिन् घाटु । हारीकुमारीका बाजे भन्छन्- 'मेरो घारमा ता भगवानैले बास गारेको रैँछा, बहुत रमाइलो लागेको छा मलाई ता ! आमा घाटुनी, छोरी घाटुनी, आइले नातिनी पनि घाटुनी ।' छेउमा अर्की मनकुमारी छे । उ अहिले नाच्दैगरेका नर्तकीभन्दा एकपुस्ता मात्र अघिल्ली नर्तकी । म ठाडै सोध्छु- तिम्लाई चैँ कस्तो लाग्छ होऊ रिमे ? भन्छे- 'यिनीहारु नाचेको देख्दा नाचुँ जास्तो लाग्छा तर नाच्दै गरेको घाटुनीको माया पनि लाग्छा ।' लौ उ त रुन पो थाली ! मैले प्रश्न गरेर राम्रो गरिन कि कसो ! सायद उस्ले आफ्ना पुराना दिन सम्झी । यतीबेलै हाम्रो टोलीले पाउछ एउटा निम्तो- 'ए ! केटा हो तिमेर्लाई हाइकली आमा लिन आ'को छा, खाजा खान जाओ रे ।' धन्न मैले एउटा असजिलोबाट फुत्कने मौका पाएँ ।

हाइकली रहिछन् साँच्चै मायालु । कुरा गर्दै लाग्छौँ तिनको पछिपछि । 'छोरा होऽऽ मोलाई ता नेपाली बोल्नै आम्दैना, नाराम्रो भए दुःख नामाना ह्वै !' हामी बीच कसैको आवाज निस्कन्छ । हैन आमा राम्रै बोल्नुहुँदै छ नि । 'पैला ता पाटाक्कै जान्थेना, एक्यापको आफिस आएरा यति बोल्ना जान्यो, आबाता आफिस पनि छाइना, त्यो गज्याँङ्मज्याङ्ले ता, मो बिरामी नै पऱ्यो नि बाबुऽऽ ! आझै पोनि मन् शान्ता छैना । निद्रै पार्दैना ।' उनका कुरा सुन्दै घरभित्र पस्छौँ । खाजाको थाली अगाडि राख्दै भन्छिन्- 'बाबु होऽऽ मीठो मानेरा खाइदेऊ ह्वै ।' एक्कै साසमा आफ्नो जीवन कथा खोल्न खोज्छिन् उनी- 'मो बाटाता जायजन्म भएना, सधैँ खेरा गयो । तै पनि बाले आर्को ल्याएना । तिमेरु नै हो ह्वै मेरो छोराहारु ।' घरमा अरु पनि पाहुना छन् । व्यस्त छिन् उनी । हामी केही छिनमै बिदा हुन्छौँ । घाटुका बेला सिङ्गै गाउँ रङ्मञ्च झैँ हुँदो रैँछ । हाइकली आमाको घरभन्दा अलि पर नौमती बाजाको टोली छ । भाले भोगेर वाद्यवादन शुरु गर्छन् उनीहरु । हामी तालका बारेमा वाद-विवाद निकाल्छौँ । राम्रै बजाउछन् तर परम्परागत धुन चैँ भुलमा परेछन् । सिने सङ्गीत अँगाल्दैछन् यिनीहरु पनि ।

अब ठाँटी पुग्दा कुसुण्डा निकाल्ने तयारीको उद्घोष हुँदैछ- 'पुराना घाटुनीहरु गुरुको नजिक आएर बस्नु होला । शारीरिक अस्वस्थ भए, मादलको आवाज र गीत नसुनिने ठाउँमा जानु होला ।' दुईजना चेलीको बीचमा नाच्दै छिन् पचपन्न वर्षीय कमशिरी । यी हुन् नाचकी गुरुआमा । आहाऽऽ बुढीको नाच्ने शैली पो रैँछ त अझै किस्सिमको । हल्का, बिनाकण्टको सहज नचाइ । त पो भइन गुरुआमा ! अहिले मेरो छेउमा छे सुकुमारी । उ बेलाबेला घटिरहेका घटनाहरुको बेलीबिस्तार लाउछे । जुनी दिदी पनि छेउमै छिन् । यो कुसुण्डा भनेको के नि जुनी दिदी ? 'यस्को कहानी हाम्ले पुरा त काँ जान्ने ? गुरुलाई सोध्नु पार्छा । अब त्यो गीत गाउछ, गीतैले मार्छा गीतैले उठाउछ । जति पुरानो घाटुनी भए पनि नमोरुन्जेल लाग्छ रैँछ ।  मादल र गीत सुनेपछि एकछिन मोर्छ, केही थाहै पाउदैना त्यतिखेरा ।' गीतको भाकासँगै घाटुनीहरु क्रमशः बेहोसिँदै जान्छन् । तिनीहरुका शिर सुसारेका काखमा अडेका छन् । पछ्यौराले सबैको शिर गम्लङ्ग छ । यस्तो लाग्छ, हामी दन्त्यकथाका पात्रहरु माझ छौँ । राजधानीको स्वनामधन्य कला-प्रस्तुतिभन्दा कयौँ गुना प्रभावशाली छ यहाँको प्रस्तुति । दश-पन्ध्र मिनेटमा उठ्न थाल्छन् लड्एिका घाटुनीहरु । सुकुमारी मेरो कान छेउ मुन्टो निहुराउदै अर्थाउछे- 'आब गुरुले यिनीहारुलाई सोध्छ, तिमीहारुको घर काँ ? के गर्ना आ'को भनेरा । ऊ ठिटाहारुले गुरुलाई लुकाइदिन्छु भनेरा जिस्काउछा । गुरुलाई लाना दिँदैना । यिनीहारु अैले आधा होसमा छ । पुरा होसमा आउन गुरुले गाउनु पर्छा केऽऽ ।' कुसुण्डा घाटुनीहरु मौन छन्, हातमा लिएको लट्ठीले कोट्याउदै भिक्षा मागिरहेका । ठिटाहरु जिस्काउदै हुन्छन्- भैँसीको छालाऽऽऽ । त्यस्ती मायालु स्वभावकी जुनी दिदी अहिले हेर्दा रिसाहा अर्नाजस्तै देखिन्छिन् । जिस्काएपछिको रिसको झोकमा एउटी घाटुनी कुनै ठिटोमाथि गतिलै पाराले लौरो बजार्दै छे । कसैको निदाएको शिशु काखमा लिएर बसेकी धनमाया भन्छे- 'त्यो कुटाइ खाने उस्को आफ्नै भाइ हो । अहिले त्यो उसको दिदी त कुसुण्डा हो । जिस्कायो, कुटाइ खायो । यतिबेला  तिनीहरुलाई अफूमाथि तोड परेको पनि था हुन्न अरुलाई तोड परे पनि था हुन्न ।' प्यारापिट र तल दर्शक अटेसमटेस छन्, छिमेकी गाउँका पनि छन् । जम्माजम्मी होलान् तीन हजार पैँतीससय । एक खाले कोलाहल छाएको छ । कुसुण्डा पछि दोहोरी थेटर हुने रे । नेपालभर चलेको दोहोरी आतङ्कले हामी उसै त्रस्त । बिस्तार खस्किन्छौँ आराम खातिर तीर्थ बाको धनसारतिर । भोलि बस्ने कि हिंड्ने ? सहयात्रीहरु बीच चर्कन्छ विवाद । तल मिदीम खोलाको छङ्छङ् । वरपर आनन्दित चकमन्न । घाटुको पुरा प्रक्रिया बुझेरै जाने, निस्कन्छ निस्कर्ष ।

आज घाटुको अन्तिम दिन, साङ्गे । रोदी घरमा कल्शा (कलश) सिँगार्दै छिन् हेमा । उनलाई सघाउदै र सिक्दै छिन् निशकुमारी । एक पाथी चामल सहितको यो कल्शा गाउँभरकी सुन्दर र सुशील केटीले थाप्लोमा बोकेर घाटु सेलाउने ठाउँसम्म पुऱ्याउनु पर्छ । गाउँ सिरानको झाँकी घरमा जोगीहरुको सिँगारपटार हुँदैछ । कोही बन्छन् शिकारी कोही थार-मृग, कोही बन्छन् बाँदर र कुकुर । दृश्य छ

काठमाण्डौको गाईजात्रा झैँ । थारको छालाले बेरिएको पात्रलाई देखाउदै मने भान्जा भन्छन्- 'आबा ठाँटीमा पुगेरा यो थारलाई शिकारीले मारेको खेलपछि घाटु सेलाउने काम हुन्छा ।' बेसारे चामल र शील टिम्मुर मन्त्रेर ठाँटी झर्ने सबैलाई ख्वाउदै छन् झाँकीहरु । यो नखाए के हुन्छ ? 'खाएना भने के होला मलाई के था ? खायो भने राम्रो होला । ल खाऊ । यो सबैकालागि । उनासी वर्षको मेरोलागि के र ?' झोक्की रै'छन् खिमलाल बुढा । नौमती र कम्मरमा मादल भिरेका दुई गायकको गीतसँगै ठाँटी झर्छन् पात्रहरु । बाँदर बन्नेहरुको रङ्गमञ्च घरका धुरी हुन्छन् । सिस्नोका पुच्छर बोकेका बाँदर-पात्र, छाना छाना कुद्छन् । दृश्य अचम्मको र उल्लासमय छ । रोदीघरदेखि कलशा बोकेकी सुन्दरी पनि मिसिन्छे । ए ! उ त उही सुकुमारी रै'छे । साँच्चै सुन्दर छे तर अलि उदास छे । पूर्ण भान्जा जिस्काउने पारामा छन्- 'यो हाम्री मीस भुजुङ् हो ।' सोध्छु- मीस भुजुङ् हुन पाउदा नि खुसी छैनौ ? ठाडै भन्छे- 'छैना ।' उसका पछाडि हातमा चमर हल्लाउदै हिँडेका छन् अरु सात सुन्दरी । ठाँटी झनै खचाखच । मृगको खोजमा व्याकुल छ शिकारी । मृगको भगाभाग, होहल्ला, दौडादौड । मृग मारिन्छ ।

सेलाउन तयार घाटुनीका शिरमा चोया र लावाले बुनेका सुन्दर टोपी छन् । गीतसँगै झुल्दाझुल्दै घाटु चढ्छ तिनमा । दर्शकहरु भावुक छन् । धेरैका गहमा आँसु । सुसारे र आफन्त मुन्टो निहुराएर आँसु पुछ्दै छन् । यस्तो लाग्छ, यो कुनै कथा होइन । साँच्चै कोही सती जाँदै छ । गीत, नाच र नाट्यले सम्प्रेषण गरेको यस्तो भयानक दृश्य हामीले कहिल्यै देखेका थिएनौँ । अघिलागेका छन् नौमती, दोस्रोमा घाटुनीका अङ्ग र शिरदेखिका गहनाको स्वागत गर्दै सती लगौँ भन्ने भावमा गाउदै छन् केही गायक-

हाऽऽ
घाटु स्योला पहिरनी, आ हो
शिरैमा छ है सिन्दुर......
हाऽऽ
घाटु स्योला पहिरनी, आ हो
आँखैमा छ है गाजली

गायकभन्दा पछाडि उही थाप्लोमा कलश बोकेकी सुकुमारी । युवकका पिठ्यूँमा बोकिएका छन् ट्रान्समयी घाटुनी, सँगै मूल कथा गायक । अन्त्यष्टिको जस्तै प्रक्रिया । फरक यति, यहाँ छ गायन । बीचबाटोमा कलिलो चल्लाको भोग । मुख्य गायक लालबाइको व्याख्या- 'बाबु ! यल्लाई भन्छ दुःख काट्नु ।' अमृतको मनमा कुराखेल्छ सायद- 'सती लग्दा यसैगरी 'मेण्टल डेड' पारिन्थ्यो होला है ?' हामीमा छाएको छ मलामी मौनता । अघिलागेका गायकहरु आफ्नै सुरमा छन्-

हाऽऽ
घाटु स्योला पहिरनी, आ हो
काँधमा छ है पच्छ्यौरी
..............................
हाऽऽ
घाटु स्योला पहिरनी, आ हो
खुट्टैमा छ है पदैली

गाउँबाट मिदीम झर्ने बाटैमा पर्छ छेल्जैं । यहीँ छ लाकुरीको फेद, घाटुको अन्तिम दृश्य-मञ्च । गीत गाएरै खोलिन्छन् घाटुनीका पगरी, गायनसँगै भाँचिन्छन् पश्रामुका धनुष, गीतबाटै बन्छ नौ तले सल । छेउमा बसालिएका छन् ट्रान्समयी घाटुनी । गीतबाटै चढाइन्छ सलमाथि लास । जलनसँगै गाइन्छ गीत । गीतमा नै उड्छ चिताको खरानी । कम्मरमा भिरेका मादलमा बज्छ चम्किलो ताल । एकसाथ नाँच्दै गाउछन् बृद्ध र अधबैँसे गुरुहरु । तितेपातीका मुन्टाको निरन्तर स्पर्शमा रहेका श्रीकुमारी र हारिकुमारीका आँखा अनायास खुल्छन् । गायक गुरुहरुका हात झुम्मिन्छन् तिनका शिरमाथि र निस्कन्छ गुरुहरुको सामुहिक आवाज- 'स्याऽऽऽह्ई !' तिमीहरुलाई सधैँ राम्रो होस् !

गुरु लालबाइलाई बल्ल भयो फुर्सद । घाटु सकियो बाथेबा ? भन्छन्- 'सकियो बाबु, श्रीपञ्चमीमा निर्वस्त्र कन्यालाई जङ्गली केराको पातमा राखेर जङ्गली केराकै पात ओढाएर बोलाइएका देवताहरु चण्डी पूर्णिमामा आफ्नो आफ्नो स्थानमा फर्किए ।' उनी दिन्छन् हामीलाई आउँदो श्रीपञ्चमीको निम्तो । हामी भन्छौँ- अवस्य आउनेछौँ बाथेबा भुजुङमा बाँचेको यो अनौठो गीतिपर्व हेर्न ।

२२ जेठ, २०६०
काठमाण्डौ